जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ८८ २०८२ साल कात्तिक १५ गते शनिबार (1 Nov 2025 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : चोटपटक जनस्वास्थ्यको ... ३ पृष्ठमा : सूचना तथा प्रसारण ... ३ पृष्ठमा : भारत-अमेरिका बीच १० ...

# सामाजिक उत्तरदायित्व निर्वाहमा सेभ द सप्तरीको महत्वपूर्ण योगदान : साह

**दैनिक समाचारदाता**
**राजविराज, १४ कात्तिक ।**

जिल्लामा गरिबी निवारण, स्वरोजगार, स्वास्थ्य तथा शैक्षिक उत्थान लगायतका क्षेत्रमा क्रियाशिल सेभ द सप्तरी नामक संस्था आफनो स्थापनाको २६ वर्ष पुरा गरी २७ औं वर्षमा प्रवेश गरेको छ ।

वि.सं.२०५६ सालमा स्थापना भई निरन्तर यस क्षेत्रमा विभिन्न गतिविधी गर्दै आएका सो संस्थाले शुक्रवार आफनो २६ औं वार्षिक साधारण सभा भब्यताका साथ सम्पन्न गरेको हो ।

संस्थाको २६औं वार्षिक साधारण सभा तथा २७औं वर्षमा प्रवेश गरेको अवसरमा आयोजित उक्त कार्यक्रमको जिल्ला समन्वय समिति सप्तरी प्रमुख शिव नारायण साहले उदघाटन गर्दै उनले सामाजिक उत्तरदायित्व पूरा गर्दै संस्थाले जिल्लाको विकास, स्वरोजगार, गरिबी निवारण तथा शैक्षिक उत्थान लगायतका क्षेत्रमा खेलेको भूमिका महत्वपूर्ण रहेको बताए ।

'संस्था नाफामूखी मात्र नभई सामाजिक उत्तरदायित्व निर्वाहमा समेत महत्वपूर्ण योगदान गरेको छ, उनले भने, 'फलस्वरुप सचेतनासँगै विपन्न समुदायको जिवनस्तरमा सूधार र उनका सन्तानको शिक्षा दिक्षा सहज भएको छ ।



कार्यक्रममा अध्यक्षयीय प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष ध्रुब प्रसाद देवले स्थापना कालदेखी नै सामाजिक विकासका बहुआयमिक क्षेत्रहरुमा विभिन्न सरकारी तथा अन्तराष्ट्रिय/गैरसरकारी निकायहरुसँग समेत सहकार्य र समनवय गरि सेवा प्रदान गर्दै आएको बताए ।

अध्यक्ष देवद्वारा प्रस्तुत प्रतिवेदनमा सेभ द चिल्ड्रेन अन्तर्गत समुन्नती कार्यक्रम र हेबिटेट फर ह्युमिनिटी, वन हर्ट वल्ड वाईड, सफा परियोजना लगायतका संस्थाको सहयोगमा गत आर्थिक वर्ष २०८१/८२ मा ७ करोड ८७ लाख २० हजार ८ सय २४ रुपैयाँ बराबरको विभिन्न कार्यक्रममा लगानी गरिएको उल्लेख छ ।

संस्थाले सेभ द चिल्ड्रेनको सहयोग तथा सहकार्यमा सन् २०१३ देखी जिल्लामा समुन्नती कार्यक्रम अन्तर्गत मातृ तथा नवजात शिशु, बालविकास, आधारभुत शिक्षा, विद्यालय स्वास्थ्य पोषण, किशोर/किशोरी विकास, यौन तथा प्रजनन्, स्वास्थ्य र जिविकोपार्जन कार्यक्रम अन्तरगत विभिन्न गतिविधि गर्दै आएको अध्यक्षयीय प्रतिवेदनमा उल्लेख छ ।

वन हर्ट वल्डवाईड अन्तर्गत मातृ तथा नवशिशु कार्यक्रम जिल्लाको १८ वटै पालिकाको स्वास्थ शाखाहरू मार्फत कार्यक्रम गर्दै आएको अध्यक्ष देवले जानकारी दिए।

हेविटेट फर हम्युनिटी नेपालको सहयोग र सहकार्यमा सफाई परियोजना अन्तर्गत खानेपानीको जाँच, चर्पी निर्माण, ट्युवेल जडान, वायोसेन्ट फिल्टर बितरण, समुदाय स्तरका जनचेतना लगायतका कार्यक्रमहरु अघि बढेको उनले जानकारी दिए । गुणस्तरिय शिक्षामा टेवा पुऱ्याउन तथा नागरिक समाजको सहभागितामा बृद्दि गर्ने उदेश्यले कसैलाई पछाडी नछोडौ, अभियान अन्तर्गत कक्षा ५ देखि १२ सम्मका शिक्षामा पहुच नभएकालाई लक्षित गरी जिल्लाको छिन्नमस्ता गाउँपालिका र तिलाठी कोईलाडी गाउँपालीका तथा महोत्तरी जिल्लाको समसी, मटिहानी नगरपालिकामा कार्यक्रम गर्दै आएको बताए ।

सो अवसरमा बिष्णुपुर गाउपालिका शाखा अधिकृत गंगाराम साह, वन हर्ट वल्ड वाईडका कार्यक्रम अधिकृत ओम नारायण झा, राजबिराज नगरपालिकाका स्वास्थ शाखा प्रमुख कामेश्वर यादब, छिन्नमस्ता गाउँपालीका महिला तथा वालवालिका शाखा प्रमुख संजन झा, राजबिराज वडा १६ स्थित स्वास्थ चौकी बोरियाका प्रमुख

***बाँकी अन्तिम पृष्ठमा***

# राहदानी रोक्का र स्थान हदविरुद्ध लिखित जवाफ माग

काठमाडौं, १४ कात्तिक (रासस)।

सर्वोच्च अदालतले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, पूर्वगृहमन्त्री रमेश लेखकलगायतको राहदानी रोक्का र काठमाडौं उपत्यका बाहिर जान नपाउने गरी स्थान हदका सम्बन्धमा १५ दिनभित्र लिखित जवाफ माग गरेको छ ।

न्यायाधीश नृपध्वज निरौलाको एकल इजलासले शुक्रवार उक्त विषयमा परेको रिट निवेदनमा प्रारम्भिक सुनुवाइपछि कारण देखाउ जारी गर्दै सरकारसँग लिखित जवाफ माग गरेको हो ।

अधिवक्ता डा प्रेमराज सिलवालद्वारा यही कात्तिक १२ गते दायर गर्नुभएको थियो । रिट निवेदनमा एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री ओली र पूर्वगृहमन्त्री लेखकलगायत माथि गैरकानुनी कार्य, आदेश र पत्रहरू खारेज गरी संवैधानिक र कानुनी अधिकारको संरक्षण गर्न अन्तरिम आदेशको माग गरिएको थियो, तर अन्तरिम आदेश भने जारी भएन ।

गत भदौ २३ र २४ गतेको घटनासम्बन्धी जाँचबुझ आयोगले पूर्वप्रधानमन्त्री ओली, पूर्वगृहमन्त्री लेखकसहित पाँच जनाको राहदानी रोक्का गर्न दिएको सिफारिसबमोजिम सरकारले स्थान हद तोक्ने र राहदानी रोक्का गर्ने निर्णय गरेको थियो ।

आयोगले पूर्वप्रधानमन्त्री ओली, पूर्वगृहमन्त्री रमेश लेखकसहित तत्कालीन गृहसचिव गोकर्णमणि दुवाडी, राष्ट्रिय अनुसन्धान विभागका तत्कालीन मुख्य निर्देशक हुतराज थापा र काठमाडौंका तत्कालीन प्रमुख जिल्ला अधिकारी छवि रिजालको राहदानी रोक्का गर्न सिफारिस गरेको थियो ।

# धान थन्क्याउन नपाउँदा किसान चिन्तित

महोत्तरी, १४ कात्तिक (रासस)।

दीपावली र छठसहितका मुख्य पर्व मनाएका महोत्तरीका किसान अहिले मुख्यबाली धान थन्क्याउन नपाएर बेचैन भएका छन्। चाडपर्व सकेर धान काट्ने, चुट्ने र थन्क्याउने मेसोमा लागेका किसानलाई बुधबार मध्यरातपछि लगातार परेको पानीले आकुलव्याकुल बनाएको हो । आज पनि बिहानभरि झमझम वर्षा भइरहेको छ ।

महोत्तरीसहितका मधेसमा गत मङ्गलबार बिहानदेखि मौसम धुम्मिएर बुधबार बिहान सिमसिम पानी परेको थियो । बुधबार दिउँसो घाम लागे पनि मध्यरात कटेपछि झमझम पानी परिरहेपछि खेतमा पाकेको धान काट्न, चुट्न र थन्क्याउन नपाएपछि किसानको चिन्ता बढेको हो । खासगरी महोत्तरीका उत्तरी क्षेत्रका बर्दिबास, गौशाला र भङ्गाहा नगरपालिका क्षेत्रका किसान अहिले मुखको पाकेको बाली थन्क्याउन नपाउँदा चिन्तामा परेका छन् । बुधबार मध्यरातपछि पर्न थालेको पानी छिनछिन रोकिँदै अझै पर्दैछ । बिहीबारदेखि परेको चोटिलो पानीले पाकेको धान बोटबाटै झारेको किसानले बताएका छन् ।

"धान खेतमा पाकेर पहेँलपुर छ, चाडबाड सकेर काटौँला, थन्क्याउँला भनियो । पानी पो पर्न थाल्यो," भङ्गाहा(५ कर्पुरगञ्जका ६० वर्षीय रामजुलुम बाँतर भन्नुहुन्छ, "पानी पर्दापर्दै काट्न पनि भएन, धान बोटबाटै झरेर नोक्सान पो भयो ।" हिउँदे धान काटेर केही दिन निहिनमा सुकाउन पर्नेमा यो पानीले काम बिगारेको बाँतर बताउनुहुन्छ ।

महोत्तरीसहितका मधेसमा उत्तरी क्षेत्रमा चाँडै पाक्ने (कात्तिक पहिलो साताभित्र) धान लगाइन्छ । उत्तरी क्षेत्रको माटो बलौटे हुँदा चाँडै रुखिने हुन्छ । यसैले गहुँ, दलहन, तेलहन, तरकारी र उखुबाली चाँडै लगाइन यस भेगमा चाँडो पाक्ने धान लगाइने गरिन्छ । यसपालि बर्खाकालमा लामो समय सुक्खा पर्दा धान रोपाइँ ढिलो भएर यस भेगमा पाक्ने समय कात्तिक दोस्रो साता पुगेको हो ।

बर्दिबास, गौशाला र भङ्गाहा नगरपालिका क्षेत्रमा अहिले धान पाकेर पहेँलपुर छ । अधिकांश किसान धान काट्ने मेसोमै लागेका बेला अहिले पानी परेपछि यो काम बिथोलिएको हो । उत्तरी क्षेत्रमा धान पाकेर पहेँलपुर भए पनि मध्य र दक्षिणी क्षेत्रमा भने मङ्सिरमा पाक्ने धान बढी रोपिएको छ ।

"पानी त चाहिएको थिएन, तर हाम्रोतिर धान पाक्न अझै दुई साता लाग्छ । त्यसैले अहिले परेको पानीले धेरै बिगार नगर्ला," दक्षिणवर्ती बस्ती रामगोपालपुर(२ महनपुरका कादिर हुसैन भन्नुहुन्छ, "तर चोटिलो पानी पर्न थालेको छ, अब बोटबाटै धान झर्ने डर छ ।"

गौशाला, भङ्गाहा र बर्दिबास

***बाँकी तीन पृष्ठमा***

**क्यान्सर रोगबारे जानकारी राखौं।**

क्यान्सर रोगमा हुन सक्ने लक्षणहरु:

- शरीरमा गिर्खा गाँठा-गुठीहरु देखिनु,
- शरीरमा भएका कोठी वा मुसाहरुको रङ्ग बदलिनु वा आकार बढ्दै जानु वा अन्यत्र फैलिनु,
- शरीरमा भएका घाउहरु लामो समयसम्म निको नहुनु,
- खकारमा रगत देखा पर्नु वा लामो समयसम्म खोकी निको नहुनु,
- लामो सयमसम्म दिसामा गोटी पर्नु, पातलो दिसा हुनु, दिसामा रगत देखिनु,
- महिनावारी नभएको समयमा रगत देखिनु, महिनावारी रोकिएका महिलाको पुनः रक्तश्राव हुनु वा सहवासपछि रक्तश्राव हुनु,
- स्तनमा गाँठा-गुठी देखिनु, स्तनको मुन्टोबाट रगत मिसिएको दुध आउनु वा स्तनको मुन्टो दबिनु,
- शरीरको बजन छिटो घट्नु, रक्तअल्पता देखिनु, ज्वरो आइरहनु,
- नाक मुख वा शरीरका अन्य छिद्रहरुबाट रगत आउनु,
- धेरै दिनसम्म टाउको दुखिरहनु, बान्ता हुनु, रिङ्गटा लाग्नु, आँखा धमिलो देखिनु वा शरीर काँप्नु आदि ।

यस्ता लक्षण देखिएमा स्वास्थ्य संस्थामा सम्पर्क गरौं वा चिकित्सकसँग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# जघन्य अपराधका कैदीबन्दी फरार हुँदा समाज असुरक्षित हुने सम्भावना

जेनजी आन्दोलनका क्रममा राजविराज कारागारबाट फरार भएका २ सय ५ कैदीबन्दी मध्ये केहीले आत्मसमर्पण त केही पक्राउ परेपनि अझै ठुलो संख्यामा फरारै रहेका छन् ।

जेल प्रशासनका अनुसार हालसम्म आत्मसमर्पण र पक्राउ गरी कुल १२३ कैदीबन्दी कारागारमा फिर्ता ल्याइएको छ । अझै ८२ जनाको अवस्था अज्ञातै छ । यति ठुलो संख्यामा कैदीबन्दी तोकिएको सजाय भुक्तान नगरी फरार हुनु चिन्ताको विषय हो । अपराध गरेर कारागार पुगेका र त्यहाँबाट फरार भएका मध्ये अधिकांश जघन्य अपराधका कैदीबन्दी रहेको जेल प्रशासनको भनाई छ ।

यसले स्थानीय समाजमा चिन्ता बढ्नु स्वभाविकै हो । जघन्य अपराध गरेका र अपराधी मनोवृत्ति भएका त्यस्ता फरार अपराधी यसरी बाहिर निस्कनाले समाज असुरक्षित हुने पक्का छ । तसर्थ ति फरार कैदीबन्दीलाई अविलम्ब पक्राउ गर्न पैहरी विशेष चासो र सक्रियता देखाउनु जरुरी छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# चोटपटक जनस्वास्थ्यको प्रमुख समस्या

- डा भगवती सेढाईं र डा पुष्पराज पन्त

काठमाडौँ, १४ कात्तिक (रासस)। विश्वमा चोटपटकका घटनाको भार घट्दै गए पनि, सीमित सुरक्षा चेतना र यत्रतत्र फैलिएका जोखिम तत्वहरूका कारण नेपाली जनतामा चोटपटकलगायतका अन्य रोगको तेहोरो बोझ रहेको छ । यसबाट देशको स्वास्थ्य सेवा प्रणालीलाई नै ठूलो चुनौती सिर्जना गरेको छ । नेपालमा चोटपटकसम्बन्धी हालका अध्ययनहरू सीमित छन्, त्यसमा पनि खण्डित छन् । विशेष प्रकारका चोटपटकका बारेमा भएका अध्ययनहरू ससाना क्षेत्रमा मात्र केन्द्रित छन् । यसले गर्दा चोटपटकका कारण हुने घटनासम्बन्धी राष्ट्रियस्तरको तथ्याङ्कको अभाव छ भने उपचार र रोकथाम सेवा विकास गर्न चाहिने आवश्यक तथ्यपरक सुझावको पनि अभाव छ ।

त्रिभुवन विश्वविद्यालय, जनसङ्ख्या अध्ययन केन्द्रीय विभागबाट २०८०/८१ मा गरिएको एक अध्ययनले सातै प्रदेशका प्रमुख अस्पतालबाट चोटपटकसम्बन्धी सङ्कलन गरिएको तथ्याङ्क प्रयोग गरी यसको अवस्था, सामाजिक( जनसाङ्ख्यिकीय सम्बन्ध, आर्थिक क्षेत्रमा पारेको प्रभाव र रोकथामका उपायलाई केलाएर प्रस्तुत गरेको छ । जनसङ्ख्यामा चोटपटकका असरले गरिबी बढाउने र दिगो विकासमा बाधा पुऱ्याउने भएकाले चोटपटकका घटनालाई कम गर्न तथ्यमा आधारित नीतिनिर्माणको आवश्यकतामा जोड दिएको छ । चोटपटकको अवस्था, यसले निम्त्याएको आर्थिक भार र रोकथामका रणनीतिको विश्लेषण गरी नीतिनिर्माणका लागि सहयोग पुग्ने जानकारी दिने र चोटपटक रोकथाम वा व्यवस्थापनमा प्रभावकारी कार्यक्रम तर्जुमा गर्न तथ्यगत जानकारी दिने यस अध्ययनको उद्देश्य हो ।

**को सबैभन्दा बढी प्रभावित ?**

सो अध्ययनले देखाएअनुसार चोटपटक लाग्ने व्यक्तिमध्ये ६४ दशमलव १ प्रतिशत पुरुष रहेका छन् । उनीहरूको औसत उमेर ३४ दशमलव ४ वर्ष छ । उल्लेखनीय रूपमा चोट लागेका ७५ प्रतिशत पुरुष ४४ वर्षभन्दा कम उमेरका थिए र सबै चोटपटकका घटनाहरूमध्ये ४० प्रतिशत २५ वर्षमुनिका व्यक्तिहरूमा देखिएको थियो । यसमा पनि १५ देखि २४ वर्षको उमेर समूह सबैभन्दा बढी जोखिममा रहेको पाइयो । वयस्कहरू विशेषगरी ५० वर्ष र माथिका महिलाहरू, पुरुषहरू (१५ दशमलव ६ प्रतिशत) को तुलनामा चोटपटकको उच्च अनुपात ( २६ दशमलव ७ प्रतिशत) मा रहेका थिए । यसले उमेर र लिङ्गअनुसार फरकफरक जोखिम रहेको सङ्केत गर्छ ।

तथ्याङ्कले शिक्षा र पेसाका हिसाबले पनि चोटपटकको जोखिममा रहेका वर्गको भिन्नता दर्शाउँदै त्यस्ता निर्धारकको महत्वपूर्ण भूमिका रहने देखाएको छ । चोटपटक लागेका ५८ दशमलव ४ प्रतिशत व्यक्तिले प्राथमिक शिक्षा मात्र हासिल गरेका थिए । यसमा महिला असमान रूपमा बढी ( ६५ दशमलव ६ प्रतिशत) प्रभावित थिए । किसान (२४ दशमलव ९ प्रतिशत) र विद्यार्थी (२९ दशमलव ६ प्रतिशत) सबैभन्दा धेरै चोटपटक लाग्ने पेसागत समूहहरू थिए । यसले कृषि कार्यका जोखिम र युवा, सक्रिय जनसङ्ख्यामा चोटपटकको जोखिमलाई झल्काउँछ ।

चोटपटकका कारण सालाखाला ५ दशमलव ९ दिन बिरामीले अस्पतालमा बिताउनुपरेको देखिन्छ । विभिन्न कारणबाट घाइते भएकामध्ये पनि बिजुलीको करेन्ट लागेर अस्पताल भर्ना भएका, सडक दुर्घटनाबाट घाइते भएकाले सबैभन्दा लामो समयसम्म अस्पताल भर्ना भएर नै उपचार गर्नुपरेको देखिएको छ । त्यसपछि उक्त चोटपटकबाट पूर्ण रूपमा निको हुन लाग्ने समयमा भने धेरै अन्तर रहेको देखिन्छ । यसरी चोटपटक लागेका बिरामीमा परेको मनोसामाजिक असरले उनीहरूलाई दीर्घकालसम्म पनि सताइरहने र चोटपटकपछिको जीवन कष्टकर हुन्छ भन्नेबारेमा पनि अध्ययनमा सामेल भएका व्यक्तिहरूको तर्क थियो ।

**चोटपटक लागेका बिरामीलाई कसरी लैजाने अस्पताल ?**

चोटपटक लागेका बिरामीहरूलाई उचित समयमा उद्धार र उपचार सही तरिकाबाट गर्न सकियो भने धेरै बिरामीलाई अकाल मृत्युबाट बचाउनका साथसाथै अङ्गभङ्ग हुनबाट पनि जोगाउन सकिन्छ । यसरी बिरामीलाई उचित उद्धार गर्नका लागि एम्बुलेन्स सेवाको विकास र विस्तार भएको छ । तर पनि यस अध्ययनमा सामेल भएका व्यक्तिहरूका अनुसार एक तिहाइले मात्र एम्बुलेन्स सेवा प्रयोग गरेको पाइयो भने बाँकीको हकमा भने घटना भएको स्थानमा जेजस्ता साधन उपलब्ध थिए, त्यसको प्रयोग गरिएको पाइयो । यसमा पनि लगभग एक चौथाइ बिरामीलाई दुईपाङ्ग्रे सवारीसाधन ( मोटरसाइकल वा स्कुटर) को प्रयोग गरी स्वास्थ्य सेवासम्म पुऱ्याइएको थियो ।

**चोटपटक कहाँ र कसरी लाग्छ ?**

घर र वरिपरिको वातावरण चोटपटक लाग्ने सबैभन्दा प्रमुख स्थान (४६ दशमलव ९ प्रतिशत) का रूपमा देखिएको छ । घरभित्र हुने चोटपटकमा पुरुषहरूको (३९ दशमलव ४ प्रतिशत) तुलनामा महिला (६० दशमलव २ प्रतिशत) उल्लेखनीय रूपमा बढी घाइते हुने गरेको पाइयो । सडक दोस्रो सबैभन्दा धेरै चोटपटक लाग्ने स्थान (३१ दशमलव ७ प्रतिशत) थियो, जसमा पुरुष सडक(सम्बन्धित घटनामा अत्यधिक रूपमा चोट लागेका (७५ प्रतिशत) थिए । फुर्सदका समय बिताइने स्थानहरू, कार्यस्थल र खेतबारीमा भने तुलनात्मक रूपमा कम अनुपातमा चोटपटक लाग्ने गरेको पाइयो ।

ठूलो सङ्ख्याका मानिसमा लडेर हुने चोटपटकको प्रमुख कारण थियो । विशेषगरी महिलामा सडक दुर्घटना दोस्रो स्थानमा थियो । यसले मुख्य रूपमा पुरुषलाई प्रभावित गरेको थियो र अन्य कारणमा कुकुर र सर्पजस्ता जनावरको टोकाइ, जलन र करेन्ट लागेर हुने चोटपटक थिए । सर्वसाधारणमा दुर्घटनाका जोखिमबारे सचेतनाको कमी हुनु र यसको रोकथामका बारेमा ज्ञान नहुनु चोटपटकका प्रमुख कारक भनी यो अध्ययनले पत्ता लगाएको छ । तीव्र गतिमा गाडी चलाउनु, लापरबाहीपूर्वक गाडी चलाउनु र मदिरा सेवनजस्ता मानवीय कारकहरूले ७५ प्रतिशत सडक दुर्घटना भएको भन्ने देखिएको छ । यस्ता व्यवहारलाई रोकथाम गर्न सकिने भएकाले अध्ययनको नतिजाले त्यसतर्फ न्यूनीकरणका लागि काम गर्नुपर्ने भनी प्रष्ट रूपमा औँल्याएको छ ।

**आर्थिक क्षतिः अर्को गम्भीर समस्या**

चोटपटकले व्यक्तिलाई घाइते, अपाङ्ग वा मृत्यु गराउने मात्र नभई परिवारमा र समाजमा गम्भीर आर्थिक बोझ पनि थोपर्छ । यस अध्ययनले देखाएअनुसार जम्मा २८ दशमलव ७ प्रतिशत बिरामीले मात्र अस्पताल भर्ना हुनुअघि प्राथमिक उपचार पाएका थिए । प्राथमिक उपचार पाउनेमध्ये ग्रामीण क्षेत्रहरूमा ४३ प्रतिशत र सहरी क्षेत्रमा २५ दशमलव ४ प्रतिशत मात्र देखिएको थियो । चोटपटकका घाइतेको सवालमा यदि समयमै प्राथमिक उपचार दिइने व्यवस्था रहेमा घाइतेको अवस्था नबिग्रने र उपचारमा कम खर्च लाग्ने भएकाले विरामी निको हुने दर उच्च हुने आर्थिक क्षति पनि कम हुन्छ ।

चोटपटकको उपचारका लागि रकम खर्च गर्नेमध्ये धेरैले व्यक्तिगत बचत (६१ दशमलव ८ प्रतिशत ) वा आफन्तबाट ऋण लिएर (३३ प्रतिशत) खर्च जेनतेन चलाएको पाइयो । जबकी १७ दशमलव ५ प्रतिशतले मात्र स्वास्थ्य बिमा प्रयोग गरेका थिए । यसले नेपालको स्वास्थ्य सेवामा रहेको आर्थिक सुरक्षाको खाडललाई उजागर गर्छ । नेपालमा स्वास्थ्य बीमा लागू गर्ने प्रयासमा सुस्तता र सीमितका कारण मानिसहरूले यस प्रकारका समस्याको लागि सम्पूर्ण खर्च स्वयम् व्यहोर्नु परेको छ । यद्यपि नेपाल सरकारले स्पाइनल कर्ड इन्जुरी, हेड इन्जुरी र जलनजस्ता गम्भीर चोटपटकको लागि आंशिक आर्थिक सहायता वा सहुलियत पूर्ण उपचारको व्यवस्था मिलाएको छ ।

परिवारमा कसैलाई चोटपटकका कारण औषधोपचार गर्नुपर्ने अवस्था आएमा अन्य सदस्यहरूको दैनिक कार्यमा गम्भीर असर परेको देखिन्छ । बिरामीको स्याहार-सुसारमा लामो समय दिनुपरेकाले कतिपयले आफ्नो नियमित काम समेत छोड्नुपरेको अवस्था पाइन्छ । यसले गर्दा बिरामीसँगै उनका परिवारका सदस्यहरू पनि थप आर्थिक समस्यामा पर्ने स्थिति सिर्जना भएको छ ।

**मनोवैज्ञानिक र सामाजिक असर**

भौतिक क्षति वा शारीरिक समस्याका अतिरिक्त, चोटपटकले धेरैमा मनोवैज्ञानिक असर पारेको पनि अध्ययनले प्रष्ट रूपमा देखाएको छ । पुरुषहरू (२१ दशमलव ७ प्रतिशत) को तुलनामा महिलाहरू (२६ दशमलव ५ प्रतिशत) मानसिक रूपमा बढी प्रभावित पाइएका थिए । यसबाहेक, सात प्रतिशत उत्तरदाताहरूले भौतिक सम्पत्तिको क्षति भोग्नुपरेको देखिएको छ । यसको सालाखाला क्षति प्रतिव्यक्ति रु एक लाख १५ हजार २५० रहेको थियो । यसले न्यून आय भएका परिवारका लागि अत्यन्तै ठूलो प्रभाव पारेको थियो, जसबाट सजिलै पार पाउन धेरै गाह्रो हुने देखिन्छ । यस अध्ययनबाट चोटपटकको समस्याको रोकथामका लागि निम्न बहुआयामिक कार्यक्रमको आवश्यकतामा रहेको देखिएको छ ।

**रोकथाम :** सडक सुरक्षाका उपायहरू (जस्तैः गति सीमाको कडाईका साथ पालना, मापसे जाँच) र घरभित्र (जस्तैः वृद्ध महिलाका लागि चिप्लनबाट बचाउने उपायहरू) लाई बलियो बनाउनुपर्छ र वरिपरिका क्षेत्रमा सुरक्षाका लागि समुदायमा सूसुचित गरी सुरक्षित वातावरण बनाउने प्रयासको तुरुन्त थालनी गर्ने । साथै, समुदायमा चोटपटकका कारण र यसको रोकथामका लागि अपनाउनुपर्ने उपायकाबारेमा उचित ज्ञान र सम्बन्धित निकायले चोटपटकका जोखिम न्यूनीकरणका लागि विशेष पहल गर्नुपर्नेछ ।

**आर्थिक सुरक्षा :** उपचारमा लाग्ने व्यक्तिगत खर्च कम गर्न स्वास्थ्य बिमाको दायरा र आपत्कालीन कोष विस्तार गर्नुपर्छ ।

**मानसिक स्वास्थ्य सहायता :** चोटपटकका घाइतेको व्यवस्थापनमा उपचार र मनोसामाजिक परामर्श सेवालाई पनि समावेश गर्नुपर्छ ।

**तथ्य-प्रमाणमा आधारित नीति तथा कार्यक्रमहरूः** उच्च जोखिममा रहेका समूहहरू (जस्तैः बालबालिका, किसान, विद्यार्थी, वृद्ध महिला) का लागि चोटपटक रोकथामका कार्यक्रमहरू तयार गर्न प्रमाणमा आधारित नीति र कार्यक्रमहरू निर्माण गरी लागू गर्नुपर्छ ।

तसर्थ, चोटपटकहरू केबल अनपेक्षित वा अकस्मात हुने दुर्घटना मात्र होइनन् । यी अनुमान गरी रोक्न सकिने घटनाहरू हुन् । तिनका मूल कारणहरू र सामाजिक-आर्थिक प्रभावहरूलाई सम्बोधन गरेर नेपालले अकालमा हुने मृत्युबाट बचाउन, घाइते वा तिनका परिवारजनको पीडा कम गर्न र सुरक्षित, अझ चेटपटकका जोखिमबारे सेचत समाजको निर्माण गर्न सक्छ ।

अब काम गर्ने समय आएको छ । (लेखक सेढाईं पद्मकन्या बहुमुखी क्याम्पस, जनसङ्ख्या अध्ययन विभागको विभागीय प्रमुख तथा पन्त नेक्सस इन्स्टिच्युट अफ रिसर्च एण्ड इन्नोभेसनमा अनुसन्धानकर्ता हुनुहुन्छ)

# सूचना तथा प्रसारण विभागबाटै अनलाइन दर्ता र नवीकरण सुरु

काठमाडौं, १४ कात्तिक (रासस)।
सरकारले अनलाइन सञ्चारमाध्यमको दर्ता र नवीकरण सूचना तथा प्रसारण विभागबाटै सुरु गरेको छ।

छापाखाना र प्रकाशनसम्बन्धी (दोस्रो संशोधन) नियमावली स्वीकृत गर्दै सरकारले विभागबाटै अनलाइन न्यूज पोर्टल दर्ता तथा नवीकरण अब पुरानै व्यवस्थाअनुसार सूचना तथा प्रसारण विभागबाट गर्ने व्यवस्था मिलाएको हो।

बुधबार बसेको मन्त्रिपरिषद्को बैठकले उक्त नियमावली स्वीकृत गरेपछि शुक्रवार नेपाल राजपत्रमा प्रकाशित भएको छ। विभागले आजै सूचना प्रकाशित गरेर अनलाइन सञ्चारमाध्यम सञ्चालनसम्बन्धी दर्ता र नवीकरण सुरु भएको जनाएको छ।

विभागका महानिर्देशक उदयबहादुर राना मगरले छापाखाना र प्रशासनसम्बन्धी संशोधित नियमावली राजपत्रमा प्रकाशित भएसँगै विभागले शुक्रवारबाट अनलाइन सञ्चारमाध्यमको दर्ता र नवीकरण प्रक्रिया सुरु गरेको जानकारी दिनुभयो। उहाँका अनुसार यसअघि ऐनले स्थानीय अधिकारी तोकेकामा प्रमुख जिल्ला अधिकारीमार्फत गनुपर्ने व्यवस्था रहेकामा व्यवस्थाबमोजिम विभागको महानिर्देशकलाई स्थानीय अधिकारी तोकिएको छ। सोहीअनुसार छापाखाना तथा प्रकाशन दोस्रो संशोधन भएसँगै विभागबाटै दर्ता र नवीकरण हुने भएको हो।

योसँगै लामो सयमदेखि दर्ता र नवीकरण रोकिएका अनलाइन सञ्चारमाध्यमलाई सहज भएको छ। अनलाइनमार्फत नै दर्ता र नवीकरण गर्न सकिने र प्रमाणपत्र लिनुपरेमा विभागमा भौतिक रूपमा उपस्थित हुनुपर्ने विभागले उल्लेख गरेको छ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलको विशेष सक्रियतामा अनलाइन सञ्चारमाध्यमको दर्ता र नवीकरणलाई विभागबाटै हुनेगरी सहजीकरण गरिएको हो। नेपाल राजपत्रमा वि.सं. २०८२ कात्तिक १३ मा प्रकाशित सूचनाअनुसार नेपाल सरकारले छापाखाना र प्रकाशनसम्बन्धी दोस्रो संशोधन नियमावली, २०८२ जारी गरेको छ। उक्त नियमावलीमा अनलाइन सञ्चारमाध्यम दर्ता तथा सञ्चालनसम्बन्धी व्यवस्था गरिएको छ।

अनलाइन सञ्चारमाध्यम दर्ता तथा नवीकरणका लागि विभागको सूचना व्यवस्थापन प्रणालीमा लगइन गरी आवेदन दिन सकिनेछ।

ऐनको दफा ७ (ख) बमोजिम अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्न चाहने संस्थाले त्यस्तो सञ्चारमाध्यम दर्ता गर्नका लागि रु पाँच हजार दस्तुरसहित अनुसूची ८ (क) बमोजिमको ढाँचामा स्थानीय अधिकारीसमक्ष निवेदन दिनुपर्नेछ। यस्तै अनलाइन सञ्चारमाध्यमको प्रमाणपत्र नवीकरण गराउन चाहने संस्थाले प्रमाणपत्र बहाल रहने अवधि भुक्तान नहुँदै रु दुई हजार ५०० दस्तुरसहित आवश्यक कागजपत्रका साथ नवीकरणका लागि निवदेन दिनुपर्नेछ।

नेपाल राजपत्रमा गत साउन ४ गते प्रकाशित छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ को संशोधनअनुसार दफा ७ मा (ख) थप गरी अनलाइन सञ्चारमाध्यम दर्ता गर्न दस्तुर लिने व्यवस्था छ। सञ्चारमन्त्री खरेलले दस्तुरका सम्बन्धमा शुक्रवारै कानुनी रायसमेत लिएको र नियमावलीमा व्यवस्था भएको दस्तुर घटाउनका लागि आवश्यक पहल गर्ने प्रतिबद्धता जनाउनुभयो।

अनलाइन सञ्चारमाध्यम दर्ता तथा नवीकरणका लागि आवश्यकपर्ने कागजातका लागि विभागको वेबसाइटमा राखिएको छापाखाना र प्रकाशनसम्बन्धी दोस्रो संशोधन नियमावली, २०८२ मा भएको व्यवस्था, तथा सोही व्यवस्थाका आधारमा तयार पारिएको चेक लिस्टबाट जानकारी लिन पनि विभागले अनुरोध गरेको छ।

छापाखाना र प्रकाशनसम्बन्धी नियमावली, २०४९ लाई संशोधन गरी छापाखाना र प्रवकाशनसम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०८२ जारी भएको हो। छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियम बनाएको छ। यस नियमावली बमोजिम दर्ता नभई अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्न पाइने छैन।

अनलाइन दर्ताका लागि निवेदन दिन आवश्यक संलग्न कागजात संस्था दर्ता प्रणाणपत्रको प्रतिलिपि, अनलाइन पत्रिका, ई-म्यागजिन, न्युजपेपर, न्युजपोर्टल सञ्चालन गर्ने उद्देश्य उल्लेख भएको प्रबन्धपत्र तथा नियमावली वा संस्थापनसँग सम्बिन्धत कागजातको प्रतिलिपि समावेश गर्नुपर्ने छ।

प्रचलित कानुनबमोजिम दर्ता भई सञ्चालमा रहेका पत्रपत्रिका, टेलिभिजन, रेडियो र एफएम रेडियोले अनलाइन सञ्चारमाध्यम दर्ता गर्न चाहेमा आफ्नो नामको डोमेनबाट मात्र अनलाइन सञ्चारमाध्यम दर्ता गर्नु पर्नेछ।

अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्ने संस्थाको सम्पादकसहित कम्तीमा तीनजना कर्मचारीको दरबन्दी हुनु पर्नेछ र एउटै व्यक्ति एकभन्दा बढी अनलाइन सञ्चारमाध्यमको सम्पादक हुन पाउने छैन।

यो नियम प्रारम्भ हुनुअघि दर्ता भई सञ्चालनमा रहेका अनलाइन सञ्चारमाध्यम यस नियमबमोजिम पुनःदर्ता हुनुपर्ने छैन। नियमबमोजिम जारी भएको अनलाइन सञ्चारमाध्यमको प्रमाणपत्रको बहाल अवधि एक आर्थिक वर्षको हुनेछ।

अनलाइन सञ्चारमाध्यममा प्रकाशित सामग्री सुरक्षित राख्नु अनलाइन सञ्चारमाध्यम सञ्चालकको दायित्व हुनेछ। सम्बन्धित अनलाइन सञ्चारमाध्यमले प्रयोगकर्ताको डाटाको गोपनीयतासम्बन्धी नीति प्रकाशन गर्नुपर्ने नियमावलीमा उल्लेख गरिएको छ।

## धान...

नगरपालिकाका बस्तीमा भने अहिले धान काट्ने, निहिन सुकाउने, चुट्ने र थन्क्याउने चटारोकै बीच पानी परेको छ। अहिलेको पानी पनि मध्य र दक्षिणी क्षेत्रभन्दा उत्तरी क्षेत्रमै बढी परेको छ। अब धान काट्ने काम दुई/चार दिनपछि धकेलिएको किसान बताउँछन्। हिउँदे धान काटेर दुई/तीन दिन निहिनमा सुकाउन पर्नेहुँदा मौसम सफा हुन पर्खनै पर्ने बर्दिबास(९ पशुपतिनगरका महेन्द्र महतो बताउनुहुन्छ। अब धान काट्न हुने ढिलोले गहुँ छर्ने, आलु रोप्ने र दलहन बाली लगाउने कामलाई पनि पछि धकेल्ने चिन्ताले किसान पिरोलिएका छन्।

यसैगरी धान काटेर उखु रोप्ने मन बनाएका किसान पनि छटपटिएका छन्। अहिलेको पानीले हिउँदे तरकारी रोप्ने, गोडमेल गर्ने र फलेका तरकारी पालोमा टिपेर बजार पुर्‍याउन पनि नदिने किसानको चिन्ता छ। "पानी पर्दैछ, पालोमा टिपेर बजार पुर्‍याउन पर्ने भण्टा, भिण्डी, घिरौंला, लौका र झिमनी एक दिनमै छिप्पिन्छन्, अनि डुसी लाग्ने र किराको आक्रमण पनि बढ्छ," बर्दिबास-९ पशुपतिनगरका रामविनोद महतो भन्नुहुन्छ, "यो पानी तुक (समय) को भएन।"

अहिलेको बेमौसमी वर्षाले किसान वाक्कदिक्क भएका छन्। खेतीपाती प्रतिकूलतै प्रतिकूलताका बीच गर्नु परेको उनीहरूको गुनासो छ। कहिले खडेरी, कहिले कुसमयको वर्षा यी सबै अप्ठ्याराबीच खेतीपाती चलाउनु परेको किसान बताउँछन्। एउटा कामको समय घर्किंदा त्यसले पछिसम्म प्रभाव पार्ने गरेको किसानको अनुभव छ। अहिले चाहिँ जिल्लाकै मुख्यबाली मानिने धान थन्क्याउन अनुकूल समय बिग्रँदा चिन्ता थपेको उत्तरी क्षेत्रका किसान बताउँछन्।

यसैबीच मधेस प्रदेश सरकारले अहिले बङ्गालको खाडीको मोन्था चक्रवातको प्रभाव मधेसका सबै जिल्लामा पर्ने सचेत गराउँदै धान काट्ने काम तत्काल नगर्न किसानलाई सचेत गराएको छ। बुधबार मधेस प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बैठकपछि मुख्यमन्त्री जितेन्द्र सोनलले अहिले सावधानी अपनाउन आम प्रदेशवासीलाई सचेत गराउँदै अनुकूल मौसम नहउन्जेल धान नकाट्न अपिल गर्नुभएको हो।

"प्रदेश सरकार यसबाट पर्नसक्ने विपद्बारे सचेततापूर्वक तयारीमा लागेको छ, यो अवस्थालाई हल्का नलिनुहोला," उहाँले अपिल गर्नुभएको। यो मौसम शनिबारसम्म रहनसक्ने मौसमविज्ञहरूले बताएका छन्। प्रदेश सरकारले नदीहरूमा बहाब बढ्न सक्नेहुँदा तटीय क्षेत्रका बासिन्दालाई विशेष सतर्कता अप्नाउन अपिल गरेको छ।


## महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन्। यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ। यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ। महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुन्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ। यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ। यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ। खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ। परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ। आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन्। राज्य वा गैरराज्यबाट गरिने लैगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन्। समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ। त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ।

**जनहितका लागि जारी सन्देश : महादेवा गाउँपालिका, सप्तरी**


## विश्व समाचार

### भारत-अमेरिका बीच १० वर्षे रक्षा साझेदारी सम्झौतामा हस्ताक्षर

क्वालालम्पुर, १४ कात्तिक (रासस/एएनआई)।

भारतका रक्षामन्त्री राजनाथ सिंह र अमेरिकी युद्धमन्त्री पिट हेगसेथले शुक्रबार मलेसियाको राजधानी क्वालालम्पुरमा ऐतिहासिक १० वर्षे 'भारत-अमेरिका प्रमुख रक्षा साझेदारी ढाँचा' मा हस्ताक्षर गर्नुभएको छ।

दुई देशबीच बढ्दो रणनीतिक सहकार्यलाई बलियो बनाउने उद्देश्यले गरिएको यो सम्झौताले भारत-अमेरिका रक्षा सम्बन्धलाई नयाँ युगतर्फ अग्रसर गराउने बताइएको छ।

सम्झौतापछि अमेरिकी युद्धमन्त्री हेगसेथले आफ्नो सामाजिक सञ्जाल एक्समा लेख्दै भारतसँगको सम्बन्ध 'पहिला कहिल्यै यति बलियो नभएको' उल्लेख गर्नुभयो। उहाँले उक्त सम्झौतालाई 'क्षेत्रीय स्थिरता र प्रतिरोधका लागि आधारशिला' भन्दै दुवै देशबीचको रक्षा साझेदारीले इन्डो-प्यासिफिक क्षेत्रमा शान्ति र सुरक्षालाई सुदृढ बनाउने विश्वास व्यक्त गर्नुभयो।

हेगसेथका अनुसार नयाँ रक्षा ढाँचाले समन्वय, सूचना आदानप्रदान र प्रविधिक सहयोगलाई अझ विस्तार गर्नेछ। उहाँले भन्नुभयो, "हामीले हाम्रो सहकार्य, सूचनात्मक साझेदारी र प्राविधिक तालमेललाई नयाँ स्तरमा पुर्‍याउँदैछौं। भारतसँगको हाम्रो रक्षा सम्बन्ध अब सबैभन्दा बलियो चरणमा पुगेको छ।"

भारतीय रक्षामन्त्री सिंहले पनि उक्त भेटवार्तालाई 'फलदायी' भन्दै १० वर्षे सम्झौता ऐतिहासिक उपलब्धि भएको बताउनुभयो। उहाँले एक्समा लेख्नुभयो, "मलेसियामा अमेरिकी समकक्षी पीट हेगसेथसँग फलदायी भेटवार्ता सम्पन्न भयो। हामीले 'फ्रेमवर्क फर द युएस(इन्डिया मेजर डिफेन्स पार्टनरसिप' नामक १० वर्षे सम्झौतामा हस्ताक्षर गर्‍यौं, जसले हाम्रो बलियो साझेदारीमा नयाँ युगको सुरुआत गर्नेछ।"

रक्षामन्त्री सिंहले यो ढाँचाले भारत(अमेरिका रक्षा सम्बन्धको सम्पूर्ण दायरालाई स्पष्ट नीतिगत दिशा प्रदान गर्ने बताउनुभयो। उहाँका शब्दमा, "यो हाम्रो बढ्दो रणनीतिक अभिसरणको प्रतीक हो र साझेदारीको नयाँ दशकको सुरुआत हो। रक्षा क्षेत्र हाम्रो द्विपक्षीय सम्बन्धको प्रमुख स्तम्भका रूपमा रहिरहनेछ, जसले स्वतन्त्र, खुला र नियममा आधारित अन्तर्राष्ट्रिय व्यवस्था सुनिश्चित गर्न मद्दत पुर्‍याउनेछ।"

क्वालालम्पुरमा आयोजित आसियान(भारत रक्षा मन्त्रीहरूको अनौपचारिक बैठकको अवसरमा दुवै मन्त्रीबीच भेटवार्ता भएको हो। आगामी नोभेम्बर १ मा हुने आसियान रक्षा मन्त्रीहरूको बैठक (एडिएमएम प्लस) अघि यो अनौपचारिक भेट आयोजना गरिएको थियो।

रक्षामन्त्री सिंहले भ्रमण अघि नै आसियान(भारत बैठकको उद्देश्य आसियान सदस्य राष्ट्रहरू र भारतबीचको रक्षा तथा सुरक्षा सहयोगलाई सुदृढ पार्नु र भारतको 'एक्ट इस्ट नीति'लाई थप अघि बढाउनु हो भन्नुभएको थियो।

दुई देशका उच्च अधिकारीबीचको यो भेटवार्ताले भारत( अमेरिका रक्षा सहयोगको निरन्तर गतिलाई झल्काउँछ र इन्डो( प्यासिफिक क्षेत्रमा क्षेत्रीय स्थिरता, शान्ति र रणनीतिक सहकार्यका लागि दुवै राष्ट्रको साझा प्रतिबद्धतालाई पुनः पुष्टि गर्दछ।

### मलेसियामा भ्रष्टाचार विरोधी कारबाहीमा दुई हजारभन्दा बढी पक्राउ

कोलालम्पुर(मलेसिया), १४ कात्तिक (रासस/सिन्ह्वा)।

गत महिनामा मलेसियामा भ्रष्टाचार विरोधि राष्ट्रव्यापी कारबाहीमा दुई हजार भन्दा बढी सदस्यहरू पक्राउ गरिएको मलेसिया प्रहरीले जनाएको छ।

बुकित अमन वाणिज्यिक अपराध अनुसन्धान विभागका निर्देशक रुस्दी इसाले प्रेस ब्रीफिङमा सेप्टेम्बर २२( २८ सम्म एक हजार ३०३ जनालाई पक्राउ गरिएको बताउनु भएको छ। उहाँका अनुसार अन्य अपरेसनको क्रममा भ्रष्टाचारमा संलग्न ७९० जना पक्राउ परेका थिए।

अनलाइन माध्यामबाट पैसा प्राप्त गर्न नक्कली खाताहरूको प्रयोग गर्ने व्यावसायिक अपराधहरू विरुद्ध लड्ने उद्देश्यले "राष्ट्रिय स्क्याम रेस्पोन्स सेन्टर" को संयोजनमा अपरेसनहरू सुरु गरिएको रुस्दीले बताउनु भएको छ।

देशभर सञ्चालन भएको "इ(कमर्स" घोटालाको कल सेन्टर सञ्चालनमा प्रत्यक्ष संलग्न भएको आशंकामा अन्य ३० जनालाई पक्राउ गरिएकोसमेत उहाँले बताउनु भएको छ। यस समूहको कियाकलापले जनवरी र मईको बिचमा १२.८ मिलियन अमेरिकी डलर नोक्सान पुर्याएको जनाइएको छ।

त्यस्ता क्रियाकलापहरु पछिल्लो समयमा थप परिष्कृत हुँदै सीमापार सम्म पनि सञ्चालित भइरहेको उहाँले चेतावनी दिनु भएको छ। जनतालाई अन्य पक्षहरूलाई ब्याङ्क खाता र ब्याङ्क कार्डहरू नदिन सुझाउदै उहाँले त्यस्ता सामाग्रीहरु आपराधिक पक्षले गैरकानुनी गतिविधि र मनी लान्ड्रिंगका लागि दुरुपयोग गर्न सक्ने बताउनु भएको छ।

# मतदाता नामावली सङ्कलनमा जारी छ चाप

काठमाडौँ, १४ कात्तिक (रासस) ।

आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई लक्षित गरी निर्वाचन आयोगले सञ्चालन गरेको मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यमा उत्साहजनक सहभागिता देखिएको छ ।

आयोगका सात वटै प्रदेश र ७० वटै जिल्ला निर्वाचन कार्यालयबाट हरेक दिन बिहान ८ बजेदेखि बेलुका ६ बजेसम्म मतदाता नामावली सङ्कलन तथा अद्यावधिक भइरहेको आयोगले जनाएको छ । यस कार्यमा विगतमा मतदाता नामावलीमा नाम दर्ता भएका नेपाली नागरिकको चाप देखिएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो ।

आयोगले गत असोज ९ गतेदेखि नामावली सङ्कलन गरेकामा यसबीचमा हालसम्म ९० हजार ३२ नागरिले नाम दर्ता गराएका छन् । आयोगको अनुमानमा सङ्कलनको अवधि यही कात्तिक ३० गतेसम्ममा यो सङ्ख्या थप एक लाख बढ्न सक्ने देखिएको छ ।

यही कात्तिक १७ गतेका लागि तोकिएको रुपन्देही क्षेत्र ३ को प्रतिनिधिसभा सदस्यको उपनिर्वाचन प्रतिनिधिसभाको नयाँ निर्वाचन मिति तोकिएपछि उपनिर्वाचनका कार्यक्रम रद्द भएको थियो । उक्त उपनिर्वाचन हुने भनिएको अघिल्लो दिन कात्तिक १६ गतेसम्म १८ वर्ष पूरा भएका मतदाताको सङ्ख्या एक करोड ८१ लाख ६८ हजार दुई सय ३० रहेको थियो । अहिले नाम दर्ता गर्ने नागरिकले मताधिकार प्रयोग गर्न निर्वाचन हुने अघिल्लो दिन आगामी फागुन २० गतेसम्म १८ वर्ष पूरा भएको हुनुपर्नेछ । मतदाता नामावली दर्ता गर्न भने १६ वर्ष उमेर पुगेपछि मिल्नेछ ।

नाम दर्ता गर्न सम्बन्धित निर्वाचन कार्यालय वा निर्वाचन आयोगले तोकेको मतदाता नामावली दर्ता स्थलमा नेपाली नागरिकताको प्रमाणपत्रका साथ सम्बन्धित व्यक्ति उपस्थित भई जैविक विवरण (बायोम्याट्रिक) दिनुपर्छ । यसरी विवरण दिने समय लिनका लागि अनलाइन माध्यमबाट प्रि-रजिष्ट्रेसन (पूर्वदर्ता) पनि गराउन सकिन्छ ।

नागरिकले नागरिकताको प्रमाणपत्रमा रहेकोभन्दा भिन्नै ठेगानामा हाल स्थायी बसोबास गरेको भए नागरिकता प्रमाणपत्रको अतिरिक्त बसाइँसराइका प्रमाणपत्र वा विवाह गरी हालको स्थायी ठेगानामा आएको हकमा विवाह दर्ता प्रमाणपत्र पेस गर्नुपर्नेछ । नामावली सङ्कलनका क्रममा विगतमा भएको नामावलीमा त्रुटि सच्याउने, नाम सार्ने, नाम हटाउने, दाबी विरोध गर्ने र नयाँ नाम थप गर्नेलगायतका कार्यहरू हुँदै आएको छ ।

गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि अन्तरिम सरकार गठन र प्रतिनिधिसभा विघटन भएको थियो । सरकारले प्रतिनिधिसभाको निर्वाचनको वातावरण बनाउन राजनीतिक दल, जेनजी समूहहरू, निर्वाचन आयोग र सुरक्षा निकायसँग निरन्तर संवाद गर्दै आएको छ ।

# पहिरोले प्रमुख राजमार्ग अवरुद्ध

काठमाडौँ, १४ कात्तिक (रासस) ।

बिहीबार बिहानदेखि देशका विभिन्न भागमा परेको अविरल वर्षासँगै भिन्नभिन्न स्थानमा पहिरो खस्दा देशका विविध भेगका प्रमुख राजमार्ग अवरुद्ध भएका छन् ।

प्रहरी प्रधान कार्यालयका अनुसार कोशी राजमार्गअन्तर्गत पहिरोले सङ्खुवासभा खण्ड, पाँचथरमा तमोर करिडोर, ओखलढुङ्गामा सिद्धिचरण राजमार्ग, काभ्रेपलाञ्चोकको नमोबुद्धमा बिपी राजमार्ग, रसुवामा पासाङल्हामु राजमार्ग र नेपाल चीन जोड्ने पुल, सिन्धुलीमा मध्यपहाडी लोकमार्ग अवरुद्ध भएका हुन् ।

पहिरोले अवरुद्ध जोमसोम( कोरोला खण्ड र म्याग्दीमा बेनी( दरबाङ सडक र अर्घाखाँचीको सन्धीखर्क(गोरुसिङ्गे सडक भने एकतर्फी सञ्चालन भएका प्रहरी प्रवक्ता विनोद घिमिरेले राससलाई बताउनुभयो ।

# स्वास्थ्य प्रणाली सुधारका लागि स्वास्थ्यमन्त्रीलाई चिकित्सक सङ्घद्वारा सुझाव पेस

काठमाडौँ, १४ कात्तिक (रासस) ।

नेपाल चिकित्सक सङ्घले स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री डा सुधा शर्मा गौतमलाई देशको स्वास्थ्य प्रणाली सुधारका लागि सुझाव दिएको छ ।

सङ्घका अध्यक्ष डा अनिल विक्रम कार्कीसहितका पदाधिकारीले आज मन्त्री गौतमलाई भेट गरी कार्यकालको शुभकामना साथै विभिन्न सुझाव दिएको हो ।

प्राथमिक स्वास्थ्य संरचनालाई मजबुत, राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाउन, सङ्घीय, प्रादेशिक तथा स्थानीय तहबीचको निगरानी र जवाफदेहिता स्पष्ट पार्ने उद्देश्यसहित चिकित्सक, स्वास्थ्यकर्मी र जनतालाई समेटेर प्रमुख चुनौतीबारे स्वास्थ्य सेवा प्रणालीका समस्या समाधानका लगि सुझाव दिएको हो ।

भेटपछि एक विज्ञप्ति जारी गरी सङ्घले प्राथमिक स्वास्थ्य सेवा केन्द्रमा पर्याप्त चिकित्सक, औषधि, परीक्षण सुविधा र व्यावसायिक क्षमताको अभाव रहेको जनाउँदै सङ्घले मानवस्रोत तथा समायोजनका समस्या रहेको जानकारी गराएको छ ।

"सबै तहका चिकित्सक र स्वास्थ्यकर्मीलाई समान कामका लागि समान पारिश्रमिक नीति तत्काल लागू गर्न, महिला स्वास्थ्य स्वयंसेविकाकको सञ्जाल, स्थानीय सरकार, कानुनी प्रावधानहरू जस्ता आधारभूत संरचनामा सुधार आवश्यक छ । स्पष्ट जिम्मेवारी, पूर्वाधार, मानवस्रोत, वित्तीय प्रवाह र गुणस्तर सुनिश्चित गर्न समन्वय आवश्यक छ । यसका लागि पहल होस्", सङ्घले भनेको छ ।

*सामाजिक...*

फुलबाबु गुप्ता, राजबिराज नपा कृषि शाखाका सुनिल यादव, पत्रकार चन्दन कुमार यादव लगायतले शुभकामना दिएका थिए ।

बार्षिक साधारण सभामा संस्थाका कार्यक्रमका संयोजक बिष्णुकान्त देव, मिथलेश कुमार यादव, अनिल कुमार यादव, लेखा प्रमुख अशोक साह, कार्यक्रम अधिकृत फरजाना खातुन, दुर्गानन्द शर्मा, शिल्पा देव लगायत कर्मचारीहरूको समेत उपस्थिति रहेको थियो । मो. सब्बिर आजमद्वारा संचालित कार्यक्रममा संस्थाका निर्देशक संजिव चौधरीले अतिथिहरुको स्वागत गरेका थिए




# प्रेस चौतारीका अध्यक्ष पाण्डेको घरमा आक्रमणको निन्दा

काठमाडौँ, १४ कात्तिक (रासस) ।

प्रेस चौतारी नेपालले केन्द्रीय अध्यक्ष गणेश पाण्डेको लमजुङ बेंसीसहरस्थित घरमा गएराति अज्ञात समूहले ढुङ्गा प्रहार गरी तोडफोड गरेको घटनाप्रति निन्दा प्रकट गरेको छ ।

महासचिव हीरामान लामाद्वारा आज जारी विज्ञप्तिमा पत्रकारिता र अभिव्यक्ति स्वतन्त्रताका पक्षधर, श्रमजीवी तथा व्यावसायिक पत्रकारहरूको संस्थाको केन्द्रीय अध्यक्षकै घरमा यस्तो आक्रमण हुनु अत्यन्त गम्भीर र निन्दनीय कार्य भएको जनाइएको छ । "यो आक्रमण योजनाबद्ध रूपमा गरिएको हाम्रो निष्कर्ष छ । गत भदौ २४ गतेदेखि सामाजिक सञ्जालमा अध्यक्ष पाण्डेविरुद्ध उत्तेजना फैलाइ घरमा आक्रमण गर्न आह्वान गरिनु र गएराति आक्रमण हुनुले यो षड्यन्त्रपूर्वक आयोजना गरिएको स्पष्ट प्रमाणित भएको छ", विज्ञप्तिमा भनिएको छ ।

चौतारीले कलमजीवीलाई दबाउने प्रयास सफल नहुने भन्दै घटनाको निष्पक्ष, छिटो र प्रभावकारी अनुसन्धान गरी अपराधमा संलग्नलाई तत्काल कानुनी कठघरामा उभ्याउन सुरक्षा निकाय र प्रशासनसँग माग गरेको छ ।

ढुङ्गा प्रहारबाट अध्यक्ष पाण्डेको घरका झ्यालका सिसाहरू फुटेका र उहाँकी ८२ वर्षीया हजुरआमा सुतेको कोठामा बढी क्षति पुगेको चौतारीले जनाएको छ ।

# स्थानीय गाई बचाउन पशुपतिनाथ मन्दिरमा गो संरक्षण सहस्र अर्चना

काठमाडौँ, १४ कात्तिक (रासस) ।

पशुपतिनाथका मूलअर्चक गणेश भट्टले स्थानीय गाई संरक्षणको सङ्कल्पले पशुपतिनाथ मन्दिरमा 'गो संरक्षण सहस्र' अर्चना गर्नुभएको छ ।

गोपाष्टमी पर्वका अवसरमा गोवंश संरक्षण अभियानले बुधबार गोरखा जिल्लाबाट सुरु गरेको गोसंवर्द्धन रथयात्रा पशुपतिनाथ आइपुगेपछि शुक्रबार बिहान पशुपतिनाथ मन्दिरमा पूजाआराधना गरिएको हो । पशुपतिनाथको ज्योतिर्लिङ्ग चर्ने क्रममा स्थानीय गाईले पत्ता लगाएको धार्मिक विश्वास छ ।

गोरखाको पालुङटार नगरपालिका-७ च्याङ्ली, चुँदीघाटमा रहेको ओमकार योग आयुर्वेद गुरुकुलको संयोजनमा बुधबार बिहान ८:०० बजेको साइतमा गोरखा दरबार क्षेत्रस्थित गोरखनाथ र गोरखकाली मन्दिरमा पूजाआराधना गरी गो संवर्द्धन यात्रा सुरु भएको थियो । यात्राका क्रममा मैतीदेवीस्थित गोदा वेणुगोपाल मन्दिरमा गाईको पूजाआराधना गरी राजधानीका विभिन्न भागमा घुमाइएको थियो ।

थापाथलीस्थित राम मन्दिर र गोरखनाथ मन्दिर परिसरमा पनि गोरखाबाट ल्याइएको स्थानीय गाईको विधिपूर्वक पूजाआराधना गरिएको थियो ।

शुक्रबार बिहान पशुपतिनाथ मन्दिरसम्म यात्रा गरी मूल भट्टले पूजाआराधनासहित गाई संरक्षणको कामना गरिएको थियो । यात्रा सकिएसँगै स्थानीय गाईको संरक्षणका लागि राष्ट्रिय समिति गठन गरिने कार्यक्रम संयोजक एवं ओमकार योग आयुर्वेद गुरुकुलका प्राचार्य आचार्य गोविन्द रेग्मीले जानकारी दिनुभयो ।

# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहितका लागि जारी सन्देश : खडक नगरपालिका, सप्तरी**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*